जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः १७९ पृष्ठः ४ | २०८१ कार्तिक २७ गते मंगलबार (Tuesday 12 Nov. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## एकताका लागि वनभोज



**जीवछ यादव**

लहान, २६ कार्तिक। नेपाली कांग्रेस पार्टीभित्र फरक मत र समूह भए पनि एकता सबल बनाउन वनभोज आयोजना गरिएको नेपाल विद्यार्थी संघ सिराहाले जनाएको छ। विद्यार्थी संघ सिराहाका अध्यक्ष पप्पुकुमार यादवले लहान नगरपालिका-१२ र २२ नम्बर वडामा रहेको धार्मिक पर्यटकीय स्थल सलहेस फूलबारीमा शनिबार वनभोज आयोजना गरिएको बताए। फरक मत र समूह भए पनि पार्टी मजबुत बनाउन दीपावलीमा देउसीभैलो खेलेर जम्मा भएको रकमबाट वनभोज आयोजना गरिएको यादवले जानकारी दिए।

वि.सं २०७८ सालमा १४ औं जिल्ला अधिवेशनबाट जिल्ला सभापतिमा निर्वाचित रामचन्द्र यादव र उम्मेदवार रहनुभएका रामसुन्दर चौधरी नेविसंघले आयोजना गरेको वनभोजमा सँगै उपस्थित भएपछि पार्टी मजबुत बनाउन एकै थलोमा रहेको सन्देश दिएको संघका अध्यक्ष यादवले जनाए। रामसुन्दर चौधरीले चुनावका बेला देखिएको मतान्तर कम गरेर फेरि पार्टीको काममा सबै मिलेर अगाडि बढ्न वनभोजले सकारात्मक सन्देश दिएको प्रस्ट पारे। उनले भने, "नेपाली कांग्रेस प्रजातान्त्रिक पार्टी भएकाले प्रजातान्त्रिक चरित्र देखाउन र जनतालाई विश्वासमा लिन आपसी मतभेद कम गर्न आवश्यक हुन्छ। फरक मत र विचार समूहलाई द्वन्द्वका रूपमा ग्रहण गरेर पार्टीभित्र विकृति भित्र्याउनु हुँदैन।"

नेपाली कांग्रेस सिराहाका सभापति यादवले जिल्ला अधिवेशनको समयमा फरक समूहबाट उम्मेदवार हुनु

**-बाँकी दुई पेजमा**

## ठेलामा सातु बिक्री गरेर मासिक ५० हजार आम्दानी

सुनसरी, २६ कार्तिक। सुनसरी सदरमुकाम इनरुवा-१ का अर्जुन पौदार बिहानै ५ बजे इनरुवाको मुख्य बजारमा रहेको सुपरमार्केमा ठेला लिए आएको हुन्छ। ठेलमा माटोका भाडामा पानी, चनाको सातु, प्याज र कागती रहेको हुन्छ। उनको ठेला देख्नेबित्तिकै सातु पिउने मानिसको भीड हुन्छ। उनले लिएर आउने ठेलाको टायरमा हावा हुँदैन। उनको सातु स्वादिष्ट हुने गरेको उपभोक्ताको भनाइ रहेको छ। उनले भने, 'ठेला राम्रो छैन तर ग्राहक सातु खुवाएर सन्तुष्ट छन्। सातु बिक्री गरेर मासिकरूपमा ५० हजार रुपैयाँ आम्दानी हुन्छ।'

गर्मीयामका बेलामा एक लाख रुपैयाँ मासिक कमाउने गरेको र चिसोको बेलामा आम्दानी कम हुने उनको भनाइ रहेको छ। चिसोका बेलामा दैनिक रूपमा एक सयदेखि एक सय ५० गिलाससम्म सातु बिक्री हुने गरेको छ भने गर्मीका बेलामा दुई सयदेखि दुई सय ५० गिलाससम्म सातु बिक्री हुने गरेको उनले बताए। उनले करिब पाँच वर्षदेखि इनरुवाको मुख्य बजारमा सातु बिक्री गर्दै आएको छ। उहाँले विगतका वर्षमा विभिन्न व्यापार गर्दा असफलता प्राप्त भएकामा यस व्यापारले राम्रो फाइदा हुने गरेको बताए।

दैनिक रूपमा सामग्री महँगो हुँदै गएका बेलामा प्रति गिलास सातुको ४० रुपैयाँ लिने गरेको उहाँको भनाइ छ। दैनिक रूपमा चार हजारदेखि पाँच हजार रुपैयाँसम्मको बिक्री हुने गरेकोमा खर्च कट्टा गरेर मासिक रूपमा ५० हजारदेखि ६० हजार रुपैयाँसम्म आम्दानी हुने गरेको पौदारले बताए। सातु बेचेरै छोरीको बिहे गर्नुका साथै पाँच घरपरिवार चलाउँदै आएको उनले बताए। आर्थिक अभावका कारणले आफ्नो उपचार गराउनका लागि समस्या

**-बाँकी अन्तिम पेजमा**

## कारको ठक्करबाट एक भारतीयको मृत्यु

**शिव पुरी**

रौतहट, २६ कार्तिक चन्द्रपुर-१ पौराई स्थित लच्कन पुल नजिक आइतबार राति कारको ठक्करबाट एक भारतीयको मृत्यु भएको छ। दुर्घटनामा परेर भारतको पश्चिम चम्पारण थाना चौतारया ग्रामपंचायत मझौया-१५ प्रसौनी मानपुरका ४५ वर्षीय भोला गिरीको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।

गिरीलाई आइतबार राति पौराई लच्कन पुल नजिक पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको लु ५ त १४०९ नम्बरको धान काट्ने मेशिन ( कम्पाईन मेसिन) राजमार्गमा पल्टिएपछि प्राविधिकले मर्मत गरी बाहिर निकाल्ने क्रममा जनकपुरबाट नारायणघाटतर्फ जाँदै गरेको

**-बाँकी अन्तिम पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 9801591693 | 9819784901




**CITY TRADE CONCERN**
Hero Showroom Lahan-3, Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698

# सम्पादकीय

## कर्मचारीको अराजकता रोक !

नेपालीमा एउटा उखान छ 'काँक्रालाई थाँक्रो दियो थाँक्रै धनी'। नेपालको सार्वजनिक क्षेत्रमा अहिले जताततै यही प्रवृति व्याप्त छ। अझ संस्थानहरूको 'प्रशासन' नै कर्मचारी संगठनहरूका नेताहरू मातहत रहेको भान हुन्छ। विद्युत् महसुल विवादमा नेपाल विद्युत् प्राधिकरणले काटेको उद्योगको विद्युत् लाइन तत्काल जोडिदिन सरकारले निर्देशन दिएको छ। विद्युत् महसुलसम्बन्धी विवादमा सुझाव दिन सरकारले २०८० पुसमा पूर्वन्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा आयोग गठन गरेको थियो। आयोगले २०८१ बैशाखमा प्रतिवेदन बुझाएपछि अगिल्लै सरकारले कार्यान्वयन गर्ने निर्णय गरे पनि लागु हुन सकेको थिएन।

सरकारका प्रवक्ताका अनुसार 'उद्योगमा विद्युत् आपूर्ति बन्द हुँदा उत्पादन घट्न गएको, राजस्व सङ्कलनमा असर पुगेको, रोजगारीमा प्रभाव परेको र त्यसबाट अर्थतन्त्रमा प्रत्यक्ष असर परेको' बिजुली काटिएका उद्योगमा २४ घन्टाभित्र लाइन जोड्ने व्यवस्था गर्न उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई निर्देशन दिएको हो। विडम्बना, विद्युत् प्राधिकरणका कर्मचारीहरूको संगठनहरूले भने सरकारको निर्देशन कार्यान्वयन नगर्न चुनौती दिएका छन्। कर्मचारी संगठनहरूले सरकारको ध्यानाकर्षण गर्दै उद्योगहरूले बक्यौता तिरेपछि मात्रै लाइन जोड्ने व्यवस्था मिलाउन भनेका छन्। सरकारको निर्णय कार्यान्वयन गरिएमा 'जनतालाई सुसूचित गराई संघर्षका कार्यक्रम' दिन बाध्य हुने धम्की पनि उनीहरूले दिएका छन्। झट्ट सुन्दा प्राधिकरणको हितमा जस्तो लाग्ने यस्तो धम्की यथार्थमा अराजकताको उदाहरण हो।

उद्योगहरूले खपत गरेको विद्युत् महसुल तिर्नुपर्छ भन्ने विषयमा सरकारले स्पष्ट निर्देशन दिएको छ। बक्यौता महसुल उठाउन पनि उद्योग सञ्चालन हुने वातावरण निर्माण गर्नुपर्छ। विद्युत् आपुर्ति उद्योग सञ्चालन गर्ने प्रमुख आधार हो। यसैले बक्यौता असुली पहिले कि विद्युत् आपूर्ति पहिले भन्ने चक्रमा नअलमलिई सरकारले गरेको निर्णय कार्यान्वयन हुनु देशको अर्थतन्त्रका लागि पनि महत्त्वपूर्ण हुने देखिन्छ। कर्मचारीहरूले आफ्नो संस्थाको चिन्ता लिनु स्वाभाविक हो तर सरकारले समग्र देशको परिप्रेक्ष्यमा निर्णय गर्नुपर्ने हुन्छ। त्यसमाथि सरकारको निर्णयमा कर्मचारी संगठनले होइन संसद्ले प्रश्न उठाउनुपर्छ।

यसैले कर्मचारीहरूको भूमिका काँक्राको थाँक्रोजस्तोमात्र हुनुपर्छ। कर्मचारी संगठनले सरकारको निर्णय कार्यान्वयन नगर्न आन्दोलनको चेतावनी दिनु अनुशासनहीनताका साथै अराजकता पनि हो। गलत निर्णय गरेमा सरकार स्वयंले जिम्मेवार जो हुन्छ। यस्तै प्राधिकरण व्यवस्थापन पनि 'काल पल्किन' नदिन गम्भीर हुनुपर्छ। कर्मचारी संगठनहरूको कर्तव्य कर्मचारीको वृत्ति विकास र कल्याणमा केन्द्रित हुनु हो। यसरी सरकारलाई चुनौती दिन थाल्ने हो भने भोलि उचित विषयमा आवाज उठाउँदा पनि नसुनिन सक्छ। सरकार पनि कर्मचारीहरूको असन्तुष्टिलाई सम्बोधन गर्ने तर अराजकता र अनुशासनहीनता बढ्न नदिन सजग हुनुपर्छ।


## डेंगी रोग बाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छः–

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- सांझ र विहान करेशाबारीमा जादा, घर बाहिर टहलिंदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

**अर्नमा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अर्नमा, सिरहा**
**मधेश प्रदेश, नेपाल**


# काम गर्नेको गर्धनमा तरबार
# झुन्ड्याएपछि कसरी हुन्छ त विकास खर्च ?

**ई. नारायणदत्त भण्डारी**

नेपालमा पुँजीगत बजेट नै चालु खर्चको तुलनामा न्यून छ। आर्थिक वर्ष २०८०/८१ मा पुँजीगत बजेट जम्मा १९ प्रतिशत छ। यसै त पुँजीगत बजेट न्यून छ त्यसैमाथि १० वर्षको औसत खर्च केवल ६७.५ प्रतिशत छ। यसरी पुँजीगत खर्च न्यून हुनुका कारणहरू यो आलेखमा केलाइएको छ।

**बजेट विनियोजनमा असमानता**

वार्षिक बजेट तथा बहुवर्षीय योजनाका लागि बजेट विनियोजनको कारणले गर्दा कतै खर्च हुन नसक्ने र कतै रकम अभावको कारणले पुँजीगत खर्च कमजोर देखिन्छ। प्राथमिकतामा आधारित बजेट विनियोजनभन्दा मतदातालाई खुसी पार्न बढी केन्द्रित हुने परिपाटी र ठूला योजनामाभन्दा खुद्रे योजना बढी केन्द्रित हुनाले पनि पुँजीगत खर्चमा समस्या आउने गरेको छ। बजेट बनाउने बेलामा विषयगत मन्त्रालय र अर्थ मन्त्रालयमा बजेटमा समावेश गर्न उच्चपदस्थको भिडभाडले योजना छनोट तथा बजेट विनियोजनमा प्राथमिकीकरण गर्नमा निश्चय नै फरक पार्छ। त्यसको नतिजा पुँजीगत खर्चमा पर्ने नै हुन्छ।

त्यसैगरी दातृ निकायद्वारा संचालित आयोजनाहरूको कार्यान्वयन चरणमा अनेकौं प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। जस्तै वातावरणीय मूल्याङ्कन, लैङ्गिक, मुआब्जा, क्षतिपूर्ति, समपूरक रकम आदिका कारणले गर्दा पुँजीगत खर्च कम हुने हुनाले अझ ठूलो परिमाणको काममा समग्र पुँजीगत खर्च कम हुन जान्छ। ठूला आयोजना मानिएका फास्ट ट्र्याक, टोखा–छहरे सुरुङ मार्गमा बढी बजेट विनियोजन भयो। तर काम भने टोखा–छहरे सुरुङ मार्गमा झन्डै शून्य र फास्ट ट्र्याकमा धेरै न्यून प्रगति भयो। सन्तुलित बजेट विनियोजन नहुँदा तथा योजना छनोट र प्राथमिकीकरणको कमीले पुँजीगत खर्च कम हुनेगरेको छ।

**झन्झटिलो तथा लम्बेतान खरिद प्रक्रिया**

सार्वजिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ द्वारा निर्देशित खरिद प्रक्रिया लम्बेतान तथा झन्झटिलो छ। परिणाममुखीभन्दा पनि प्रक्रियामुखी र उत्प्रेरणामुखीभन्दा नियन्त्रणमुखी छ। विकसित मुलुकहरूमा प्रयोग हुँदा असफल भएका कतिपय प्रक्रियाहरू हामीले प्रयोगमा ल्याइरहेका छौं। विशेषगरी प्राविधिक पक्षभन्दा अन्य पक्षमा ध्यान केन्द्रित गर्नुपर्ने खालका नियमले गर्दा पनि समस्या उत्पन्न गर्छ।

विकासका आयाममा सन्तुलन भएन भने अर्को आयाममा जति प्रयास गरे पनि परिणाम आउँदैन। निर्माणपूर्वका काम जस्तै जग्गा प्राप्ति, रुख कटान विद्युत्को पोल सार्नेलगायतका कामहरू पनि असाध्यै कठिन तथा लामो समय लिने हुनाले उपलब्धि कम हुनेगर्छ। खानेपानीमा मुहानको विवाद, सिँचाइमा स्रोतको विवादजस्ता कारणले गर्दा पनि समस्या आउने गरेको छ। खरिद प्रक्रियाको समय पनि असाध्यै लामो छ। न्यूनतम समय गणना गर्ने हो भने पनि बजेट प्राप्त भएपछि सिलबन्दी दरभाउपत्र (२० लाख) का लागि ४२ दिन, २ करोड रुपैँयासम्मका लागि ५७ दिन २ करोडभन्दा माथि कम्तीमा ९१ दिन, 'आईसीबी कन्ट्याक्ट'मा ९ महिनासम्म पनि लाग्ने गर्छ। दातृ निकाय द्वारा सञ्चालित योजनाहरूमा उल्लेखित समयको दोब्बर समयसम्म लाग्ने गर्छ। बहुवर्षीयठेक्काको हकमा अझ बढी समय लाग्ने गरेको छ।

जग्गा प्राप्ति ऐन, २०३४ धेरै पुरानो हुँदा समयानुकूल र स्पष्ट छैन। संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र स्पष्ट छैन। राजमार्गमा सडक सीमाको समस्या छ। सडक सीमा भनिएको छ तथा लगत कट्टा नहुँदा व्यक्तिकै नाममा जग्गा कायम हुँदा संवैधानिक हकको उपचार भनी अदालातमा मुद्दा पेस हुने र मुआब्जा दिएरमात्र गर्नु/गराउनू भन्ने आदेशले वर्षौंसम्म आयोजना अलपत्र पर्ने स्थिति छ।

नेपालमा परामर्शदाताका क्षमता पनि कमजोर देखिन्छ। डीपीआर डिजाइन, ड्रइङ्गहरू वास्तविक कार्यस्थलसँग मेल खाँदैन। फलस्वरूप, 'डिजाइन रिभ्यु' हुन जान्छ। डिजाइन रिभ्यु तथा भेरिएसन स्वीकृत गराई काम गराउन खरिद ऐन नियमअनुसार महाभारत नै हुन्छ। लामो समय लाग्ने, सकभर गर्न नपरे हुन्थ्यो भन्ने प्रवृत्ति र गर्नै परे आफू विवादमा नपर्नेगरी सिफारिस तथा निर्णय गर्ने प्रवृत्ति हुँदा समयमै काम नसकिने कारण बन्न जान्छ।

खरिद विधिमै कम कबोल गर्ने बोलपत्रदातालाई दिनै पर्ने बाध्यात्मक अवस्थाले कमजोर कार्यक्षमता भएका निर्माण व्यवसायी छनोट गर्नुपर्ने। त्यही कारण पनि काम अलपत्र पर्नेगरेको छ। पछिल्लो समय नियमावली संशोधन गरेर म्याद थप भइहाल्छ भन्ने प्रवृत्ति बढ्दो छ। फलस्वरूप, बेइमान निर्माण व्यवसायीले सहुलियत पाएजस्तो हुन्छ भने इमानदारले काम गरेर पनि खासै सहुलियत नपाएका कारण त्यस्ता निर्माण व्यवसायीहरू निराश भएको पाइन्छ।

**नियामक निकायको तरबार**

नेपालमा नियम निकायहरू प्रशस्तै छन्। एउटा राष्ट्रको गौरवको आयोजना कार्यान्वयन गर्ने क्रममा २२ वटाभन्दा बढी नियामक निकायप्रति जवाफदेही हुनुपर्ने हुन्छ। प्रत्येक नियामक निकायको फरकफरक उद्देश्य र 'फरम्याट' हुन्छन्। कतिपय निकायलाई सिफारिस एवं विश्लेषणात्मक प्रतिवेदन उपलब्ध गराउनुपर्छ। संसद्, संसदीय समिति, प्रधानमन्त्री कार्यालय, राष्ट्रिय योजना आयोग, संघीय मन्त्रालय तथा महाशाखाहरू, विभाग तथा महाशाखाहरू, अर्थमन्त्रालय तथा महाशाखाहरूप्रति जवाफदेही हुनुपर्छ। त्यसअतिरिक्त प्रदेशस्तरका अनुगमन कार्यालयहरू, मुख्यमन्त्री कार्यालय, प्रदेश मन्त्रालय प्रदेश संसद र प्रदेश संसदहरू, पालिकाहरू, वडा कार्यालयहरू, मिडिया, सामाजिक सञ्जाल, स्थानीय प्रशासन, समन्वय समितिलगायतका संघसंस्थालाई कुनै न कुनै स्वरूपमा विवरण तथा प्रगति पेस गर्नुपर्ने हुन्छ।

यसकारण एउटा निकायलाई तयार गरेका विवरण अर्को निकायलाई मिल्दैन। त्यसैले निर्माण कार्यमा दिनुपर्ने प्राविधिकको समय विवरण तयारी गर्दै बित्छ। फलतः योजनाको समय, लागत र गुणस्तरमा ह्रास आउँछ। अझ 'मिसइन्फरमेसन' हुँदै 'डिसइन्फरमेसन' सम्मको मारमा पर्नुपर्ने हुन्छ। त्यसमा सार्वजनिक अधिकारीहरूले कसरी जोगिने भन्ने भयमा काम गर्नुपर्ने हुन्छ।

पुँजीगत खर्च गर्दा कमी कमजोरीहरू संसारभरि नै हुन्छ। तर, विकसित मुलुकहरूमा कमीकमजोरीबाट सिक्ने प्रयत्न हुन्छ भने हाम्रो देशमा केकस्ता कमजोरी फेला पार्न सकिन्छ भनी चियोचर्चा रहन्छ। अर्थात् तिललाई पहाड बनाइन्छ, भ्रामक तथ्यलाई 'भाइरल' बनाउने होड बाजी चलेको पाइन्छ। कर्मचारीहरू जहिलेसुकै भयको वातावरणमा गुज्रिरहेका हुन्छन्। कमी कमजोरीको छानबिन र कारबाही गर्ने निकाय नै कुन् हो भन्ने अन्योल छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रशस्तै उजुरी पर्ने, अनुसन्धानका क्रममा सक्कलै कागजपत्र माग हुँदा काममा शिथिलता आउने गरेको छ।

ठूला ठूलो योजनाको सुरूदेखि अन्त्यसम्मको कागजपत्र माग गरी प्रमाणित गरेपछि फरक नपर्ने गरी बुझाउनु भनिएको हुन्छ। राष्ट्रिय गौरवको एउटा योजनामा एउटै उजुरीमाथि छानबिनको क्रममा ९३ हजार ५०० पाना कागज बुझाउनुपर्ने अवस्था आएको थियो। अख्तियारको वार्षिक प्रतिवेदनमा उल्लेख भएबमोजिम आर्थिक वर्ष २०८०/८१ मा ३६ हजार १८६ उजुरी परेको देखिन्छ। व्यक्तिगत प्रतिशोधका कारण उजुरी गर्नेको संख्या धेरै हुन्छ। कुल उजुरीको ज्यादै न्यून मुद्दा दायर हुन्छ र दायर मुद्दामा पनि कमैमात्र अख्तियारको पक्षमा फैसला हुन्छ।

यसबाट के प्रष्ट हुन्छ भने समस्या कहीँ न कहीँ छ र अनुसन्धानका क्रममा खर्चिने समय खेर जानाले कामको प्रगतिमा असर पर्ने गरेको छ। प्राविधिक क्षेत्रमा कार्य विवरण स्पष्ट नहुनाले धेरै झन्झट बेहोर्नुपरेको छ। उदाहरणका लागि एउटा पुल सम्पन्न भयो तर पुलको जगमा समस्या आएर छानबिन गर्नुपर्ने भयो भने जग बनाउनेमात्र हैन सुरुदेखि सम्पन्न गर्नेसम्मलाई दोषी बनाउने र जिम्मेवार हुनुपर्ने कारणले गर्दा निर्माण कार्य सम्पन्न गर्नुभन्दा आफू सुरक्षित हुनेतर्फ लाग्ने मनोवृत्ति हुन्छ। यसले पनि प्रगति कम भएको देखिन्छ।

रूपान्तरणकारी, राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनामा हुने सरुवा पनि एउटा समस्याकै रूपमा देखिएको छ। सरकारको नीति त यस्ता आयोजनामा अवधिभर विनाकारण सरुवा नगर्ने भन्ने छ तर व्यवहारमा लागु हुनसकेको छैन। तारन्तारको सरुवाको कारण पनि कार्यप्रगति कमजोर हुने र अपेक्षाकृत परिणाम हासिल गर्न नसकिने हुन्छ।

**लेखारीक्षणको पुरातन संस्कार**

सार्वजनिक खर्चको लेखा परीक्षण गर्ने महालेखाको र सार्वजनिक लेखा समितिको द्वन्द्वका कारण बेरुजु प्रतिशत बढेको बढ्यै छ। तथ्य प्रमाणका आधारमा भन्दा उपलब्ध 'चेकलिस्ट'का आधारमा बेरुजु उठाउने अभ्यास एकातिर छ भने अर्कातिर त्यसरी उठेको बेरुजुकै परीक्षण पनि कहीँ कतैबाट नहुने र जति धेरै बेरुजु उठायो उति नै प्रगति ठानिने संस्कारले पनि समस्या बढाएको छ। त्यसो गर्न सके आफू काबिल भएको ठान्ने मानसिकताले पनि सार्वजनिक निकायहरू चेपुवामा परेका छन् जसका कारण प्रगतिमा असर परेको हुन्छ।

त्यसैगरी राष्ट्रिय सतर्कता केन्द्रले कन्सल्टेन्टबाट गराइने प्राविधिक परीक्षणमा पनि अपरिपक्व व्यक्ति आउने केही प्राविधिक परीक्षकले त केही न केही 'एनसीआर' लेख्नैपर्छ भनी लेखेको पनि पाइन्छ। यसले काम गर्नेको मनोबल उकास्ने हैन हीनताबोध हुन्छ।

**रकमान्तरको समस्या**

पुँजीगत खर्च गर्ने मन्त्रालयहरूलाई रकमान्तरको सुविधा छैन। त्यसका लागि मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) मै संशोधन गर्नुपर्ने हुन्छ भने संशोधन गर्न अर्थ मन्त्रालयमै पुग्नुपर्छ। एउटा सार्वजनिक निकायबाट रकमान्तरको फाइल उठेर अर्थ मन्त्रालयको मन्त्रीले निर्णय गरी मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) संशोधन गर्न टिप्पणी उठेपछि कम्तीमा २२ वटा तोक आदेश र २७ अधिकारीबाट ४८ वटा हस्ताक्षर भएपछि मात्र मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) संशोधन हुन्छ। एउटा आयोजनाबाट खर्च नहुने रकम अर्कोमा लैजान पनि अत्यन्तै चुनौतीपूर्ण छ। थप बजेट आउनु भनेको प्रायः असम्भवजस्तै हुने कारणले पनि पुँजीगत खर्चमा ह्रास आएको हो।

**पुँजीगत खर्च बढाउने उपायहरू**

१. सार्वजनिक खरिद ऐन, जग्गा प्राप्ति ऐन, वातावरण ऐनलगायतलाई समयसापेक्ष विकास मैत्री हुनेगरी संशोधन गरिनुपर्छ।
२. सिलिङ्गभित्रको रकमान्तरको अधिकार मन्त्रालयगत बजेट सूचना प्रणाली ( एलएमबीआईएस) सम्बन्धित मन्त्रालयलाई दिनुपर्छ।
३. नियामक निकायबाट सयौँको परिपत्र गरी नियन्त्रणमुखी नीति लिनुभन्दा समस्या समाधानको लागि सहजीकरण गरिनुपर्छ।
४. सार्वजनिक खरिद ऐन पनि बढी नियन्त्रणमुखी छ।

–बाँकी तीन पेजमा

## काम गर्नेको ...

त्यसलाई परिणाममुखी हुने गरी संशोधन गरिनुपर्छ।

५. दातृ निकायसँग हुने योजनाहरूमा प्रायः विलम्ब भएको देखिन्छ। समस्या पहिचान गरी निरूपण गरिनुपर्छ।

६. अन्तर निकायबीचको समन्वय परिणाममुखी छैन त्यसलाई प्रभावकारी र एक द्वार प्रणालीको बनाउनुपर्छ।

(डिभिजन प्रमुख ,सडक डिभिजन काठमाडौं)

## एकताका लागि...

स्वाभाविक भए पनि नेतृत्व चयन भएपछि चुनावी तनाव बिर्सेर पार्टी एकताबद्ध भएर जनताको काममा लाग्नुपर्ने बताए। उनले थपे, "म दुई कार्यकाल सभापति भइसकें। १५ औँ जिल्ला अधिवेशनमा रामसुन्दर फेरि सभापतिको उम्मेदवार हुने भएपछि उहाँप्रति सकारात्मक रहने छु।"

वनभोजमा लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले लहान नगरपालिकामा नेपाली कांग्रेसले पहिलो पटक जित हासिल गरेकाले आफूले नमुना काम गरेर देखाउन खोजेको र त्यसका लागि पार्टी पङ्क्तिबाट सहयोगको अपेक्षा गरेको बताए। उनले भने, "पार्टीभित्रको आपसी विवाद र मतान्तरले जनप्रतिनिधिलाई समेत काम गर्न अप्ठ्यारो भइरहेको छ। कांग्रेस बलियो भयो भने प्रजातन्त्र बलियो हुन्छ।"

कार्यक्रममा सिराहा–१ (क) प्रदेशबाट प्रदेश सभाका उम्मेदवार रहेका नेपाली कांग्रेस सिराहाका उपसभापति सुनील महतोले आफू थोरै मतले पराजित हुनु परेको पीडा पोखे। उनले भने, "पार्टीभित्र आन्तरिक एकता नहुँदा सिराहाका स्थानीय तहमा नेपाली कांग्रेस कमजोर देखिएकाले यसबारे समयमा सचेत हुनुपर्ने छ। आउने निर्वाचनमा एकताका साथ अगाडि बढ्नु पर्छ।"

लहानमै आयोजना गरिएको वनभोजमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य पदमनारायण चौधरी निकटका नेताहरूको सहभागिता नभएकाले यो वनभोज नेता चौधरीलाई कमजोर बनाउन आयोजना गरिएको युवा नेता अजयकुमार चौधरीले बताए।

# वीरगञ्जमा यात्रुसँग दोब्बर भाडा असुल्दै सार्वजनिक यातायात



वीरगञ्ज, २६ कार्तिक। छठपर्व मनाएर काठमाडौँ फर्किने यात्रुसँग वीरगन्जका सार्वजनिक यातायातमा दोब्बर भाडा असुल्न थालिएको छ। वीरगन्जबाट हेटौँडा–काठमाडौँ चल्ने टाटा सुमो, इलेक्ट्रिक बस तथा लामो रुटमा चल्ने सवारीसाधनमा साबिकको भन्दा दोब्बर भाडा असुल्न थालिएको तर प्रशासनले भने कारबाही गर्न नसकेको यात्रुहरूको गुनासो छ। हाल वीरगन्जका बस काउन्टरमा यात्रुले टिकट पाउनसमेत मुस्किल छ।

वीरगन्ज महानगरपालिका–१५ लक्ष्मणवा बस्ने जयमोद ठाकुरले गत शनिबार आफ्नो छोरा वीरगन्ज–हेटौँडा हुँदै काठमाडौँ जाँदा इलेक्ट्रिक बसले दोब्बर भाडा असुलेको गुनासो गरे। "मेरो छोरालाई वीरगन्जबाट काठमाडौँ पठाउँदा अन्य बेलाभन्दा दोब्बर भाडा तिरेर पठाए। अरू बेला वीरगन्जबाट काठमाडौँ जाँदा आठ सय ५० सम्म लिने गरिन्थ्यो तर अहिले यातायात व्यवसायीले एक हजार पाँच सयसम्मको भाडा मागे। यसरी जथाभाबी ढङ्गले भाडा असुल्नेलाई प्रहरीले कारबाही गर्न सकिरहेको छैन", उनले भने, ठाकुरले वीरगन्जका यातायात व्यवसायीले बढी भाडा असुलेको विषयलाई लिएर आइतबार सामाजिक सञ्जाल फेसबुकमा भिडियोसमेत पोस्ट गरेको छ।

व्यवसायीले अरू बेला टिकट दिने गरे पनि हाल टिकट छैन भनेर बढी मूल्य दिनेलाई मात्रै उपलब्ध गराउने गरेको आरोप लगाए। वीरगन्ज बसपार्कमा यात्रु सहायता कक्ष राखेको भए पनि प्रहरी प्रशासनले यात्रुलाई राहत र बिचौलियालाई कानुनी दायरामा ल्याउन नसकेको ठाकुरको भनाइ छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लोकराज भट्ट भने बढी भाडा लिएको भन्दै गुनासो आएपछि अनुगमनमा जाँदा गुनासोकर्ता नै सम्पर्कमा नआउँदा कारबाही गर्न समस्या भइरहेको दाबी गर्नुहुन्छ। "शनिबार पनि बढी भाडा लिएको भन्दै फोनमा गुनासो टिपाएपछि हामी त्यसबारे बुझ्न जाँदा पीडित पक्ष सम्पर्कमा नै आएनन्, अनि के आधारमा कारबाही गर्नु", उनले भने, "हामीले परवानीपुरमा पनि नियमित जाँच गरिरहेका छौँ। कतिपय यात्रु बढी भाडा तिरेर जाँदा पनि ट्राफिक प्रहरीलाई रिपोर्ट नगर्दा त्यस्ता सवारीसाधनलाई कारबाही गर्न समस्या भइरहेको छ।"

पर्साका ट्राफिक प्रहरी प्रमुख भट्टले वीरगन्जको गण्डकचोकबाट बढी भाडा लिएको गुनासो आएसँगै आइतबार एउटा सवारीसाधनलाई बढी भाडा लिएको भन्दै फिर्ता गराउन लगाएको जानकारी दिए। "आइतबार बढी भाडा लिएको भन्ने एउटा सवारीसाधनबाट बढी भाडा फिर्ता पनि गरायौँ।" उनले भने, "बढी भाडा लिएको सवारीसाधनलाई आवश्यक कारबाही गर्नका लागि यातायात व्यवस्था कार्यालय वीरगन्जलाई सिफारिस गरेका छौँ।"

# 'फ्लाई ओभर' निर्माणमा ढिलासुस्ती नगर्न मन्त्री दाहालको निर्देशन

काठमाडौं, २६ कार्तिक। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ललितपुरको ग्वार्कोमा निर्माणाधीन फ्लाई ओभरको स्थलगत निरीक्षण गरेको छ। मन्त्रालयका उच्च अधिकारीसहित उनले निर्माणस्थलमा पुगेको हो। निरीक्षणपछि मन्त्री दाहालले फ्लाई ओभर निर्माणको कामलाई गति दिन निर्देशन दिए। त्यस क्रममा उनले पूर्वाधार तथा विकास आयोजना निर्माण कार्यमा हुने ढिलासुस्ती सह्य नहुने बताए।

काठमाण्डौको शहरी तथा यातायात व्यवस्थापन गर्न महत्त्वपूर्ण हुने अपेक्षा राखिएको यो फ्लाई ओभर निर्माणको कार्यलाई गति दिएर समयमै सक्न मन्त्री दाहाले निर्देशन दिए। निरीक्षण टोलीमा मन्त्री दाहालसहित मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक रामहरि पोखरेल लगायत रहेको थियो।

२०७८ साल फागुन १२ गतेदेखि निर्माण शुरू भएको फ्लाई ओभर आउँदो पुस पहिलो हप्तासम्म निर्माण सम्पन्न गर्नुपर्ने छ। ३० मिटर स्पानको चार लेनको पुलसहितको फ्लाई ओभर निर्माणको काम आशिष–समानान्तर–रेलिगेर जेभी काठमाण्डौले गरिरहेको छ।

# शिक्षक र कर्मचारीद्वारा तलब भत्ताको माग गर्दै कार्यालयमा तालाबन्दी



सप्तरी, २६ कार्तिक। सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका शिक्षक र कर्मचारीले तलब भत्ताको माग गर्दै कार्यालयको मुल गेटमा अनिश्चितकालीन तालाबन्दी गरेका छन्। चालु आर्थिक वर्ष २०८१/८२ को साउन महिनादेखि अहिलेसम्म तलब, भत्ता उपलब्ध नगराएको भन्दै नगरपालिकाको सम्पुर्ण शिक्षक तथा कर्मचारीले कार्यालयमा हिजोदेखि तालाबन्दी गरेका हुन्।

आन्दोलन परिचालन समितिको अगुवाईमा सम्पुर्ण शिक्षक र कर्मचारीले हिजो कार्यालयमा धर्नासमेत दिएका छन्। दशैं, तिहार र छठ पर्वमासमेत तलबभत्ता नपाएको कर्मचारीको गुनासो छ। हनुमाननगर कंकालिनी नगरपालिकाको नगरसभा हुन नसकेकाले कुनै पनि आर्थिक कारोबार हुन सकेको छैन।


## डेंगी रोग बाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छः–

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जादा, घर बाहिर टहलिंदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल



## डेंगी रोग बाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छः–

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जादा, घर बाहिर टहलिंदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामनगर मिर्चैया, सिरहा
मधेश प्रदेश, नेपाल



## डेंगी रोग बाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छः–

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साँझ र विहान करेशाबारीमा जादा, घर बाहिर टहलिंदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

सुखीपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखीपुर, सिरहा
मधेश प्रदेश, नेपाल

# चुरे संरक्षणमा बेलायती सहयोगको अपेक्षा



जनकपुर, २६ कार्तिक। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले नेपालको विकास प्रक्रियामा बेलायती सहयोगको सराहना गरेका छन्। उनले नेपालको विकासमा बेलायतको निरन्तर, उत्साहप्रद र उपलब्धिमूलक सहयोग रहँदै आएको भन्दै पछिल्लो समयमा नेपालका भुइँ तहका आवश्यकताअनुसार सहयोग परियोजना सञ्चालन गर्ने बेलायती सरकारको प्रयास प्रशंसनीय रहेको उल्लेख गरे।

बेलायत सरकारको वातावरणमैत्री आर्थिक वृद्धि कार्यक्रमका टोली नेता सामसहितका अधिकारीहरूसँग जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सोमबार भएको भेटमा मुख्यमन्त्री सिंहले मधेश प्रदेशसहित देशले जलवायु परिवर्तनलगायत पर्यावरणीय संकट भोगिरहेको भन्दै नेपाललाई हरितपथ विकासमा ल्याउन वैदेशिक लगानी आउनु सुखद रहेको बताए।

उनले देशले कम कार्बन उत्सर्जन गरे पनि त्यसबापत पाउनुपर्ने क्षतिपूर्तिका विषयमा अन्तर्राष्ट्रिय समुदाय गम्भीर हुनुपर्ने विषयमा नेपाल सरकारले गराउँदै आएको ध्यानाकर्षणबारे चर्चा गर्दै जलवायु परिवर्तनका कारण मधेश प्रदेशले बाढीपहिरो, खेतीयोग्य जग्गाको कटान, पटान र भसान, खानेपानी तथा सिँचाइ जलको सङ्कट आदि भोगिरहेको उल्लेख गरे।

उनले भने, 'गर्मीयाममा सुख्खा हुन्छ। जाडोयाम जानेबेलामा ठिँयाउने चिसो हुन्छ होला। अहिले स्वेटर लगाउने बेलामा पसिनाले निथ्रुक्क भिजाइरहेको छ।' मुख्यमन्त्री सिंहले चुरे संरक्षणका लागि पुनर्जलीयकरण र जलपुनर्भरण गरी भूमिगत जलको सतह वृद्धि गर्ने, मधेश प्रदेशको पूर्वदेखि पश्चिमसम्म नदी जोड्ने योजनाबाट पानी व्यवस्थापन गर्ने, बगरलाई पुनः कृषि भूमिमा परिणत गर्ने, बाढी व्यवस्थापन गरी सिँचाइ जलको उपलब्धता बढाउने योजनामा प्रदेश सरकारले काम गरिरहेको भन्दै ती काममा बेलायती सहयोगको अपेक्षा गरे।

मुख्यमन्त्री सिंहले प्रदेश सरकार सार्वजनिक तथा निजी साझेदारीमा औद्योगिकीकरणको सम्भावनामाथि नीतिगत तथा कार्यगत प्रक्रिया अघि बढाइसकेको जानकारी दिँदै प्रदेशमा ठूलठूला उद्योग स्थापना गर्न बेलायत सरकारमार्फत वैदेशिक लगानीको अपेक्षासमेत गरे।

उनले प्रदेश सरकारको महत्वाकांक्षी, अपरिहार्य र महत्त्वपूर्ण योजनाका रूपमा रहेका आइटी पार्क, साक्षरता अभियान र टिच फर मधेशमा समेत बेलायती सहयोगको खाँचो रहेको औँल्याए।

# मुसहर परिवारको विद्युत महसुल वडाले तिर्ने

**विजयकुमार साह**

ढल्केबर, २६ कार्तिक। धनुषाको धनुषाधाम नगरपालिका–७ ले आफ्नो वडामा भएका सम्पूर्ण मुसहर परिवारको विद्युत् महसुल तिरिदिने भएको छ। सामाजिक तथा आर्थिक रुपले पिछडिएका मुसहर परिवारको घर बत्ती विद्युत् महसुल वडाले तिरिदिने भएको हो। धनुषाधाम नगरपालिका–७, किसानपुरका वडाध्यक्ष हेमनारायण यादवले किसानको सिँचाइ विद्युत् महसुलसँगै वडाभित्र बसोबास गरिरहेका सम्पूर्ण मुसहर परिवारको घर बत्ती विद्युत् महसुल वडा कार्यालयबाट तिरिदिने बताए। उनले पुरानो बक्यौता रकमसमेत तिरिदिने जानकारी दिए। मुसहर परिवारको विद्युत् महसुल तिर्न बजेट विनियोजन गरिएको देशको यो पहिलो वडा कार्यालय भएको दाबी वडाध्यक्ष यादवले गरे।

उनले भने, "यहाँका अधिकांश मुसहर समुदाय विपन्न छन्। धेरैजसोको आफ्नो जग्गा छैन्। ऐलानी र अरुको जमिनमा घर बनाएर बसेका छन्। वडाबाट प्रदान गरिने सुविधा उहाँहरुसम्म पुग्नुपर्छ भनेर यो व्यवस्था मिलाएको हुँ।" वडाको भगवानपुर, सरस्वती टोल, मर्टेवा र किसानपुर गरी ५० भन्दा बढी मुसहर समुदायको घर रहेको वडाध्यक्ष यादवले बताए।

उहाँका अनुसार चालु आर्थिक वर्षमा सिँचाइ विद्युतका लागि ११ लाख रुपियाँ र मुसहर परिवारको विद्युत महसुल तिर्न दुई लाख रुपियाँ बजेट विनियोजन गरिएको छ। आउँदो आर्थिक वर्षबाट वडाभित्रका मुसहर समुदायलगायत सम्पूर्ण दलित तथा विपन्न परिवारको घर बत्तीको विद्युत् महसुल वडा कार्यालयबाट तिर्ने व्यवस्था मिलाउने उनको भनाइ छ। सिँचाइ विद्युत् महसुल तिर्दा जग्गाजमिन हुनेलाई मात्र फाइदा पुग्छ त्यसैले यो सुविधा यहाँका सबै जनताले उपभोग गर्न पाउन् भनेर मुसहर तथा विपन्न परिवारको विद्युत् महसुल तिरिदिने योजना बनाएको वडाध्यक्ष यादवले बताए।

निर्वाचनका बेला जनतासँग गरेको प्रतिबद्धता पूरा गर्ने क्रममा किसान तथा मुसहर समुदायलाई निःशुल्क बिजुलीको व्यवस्था गरेको बताउँदै उनले भने, यहाँ ९५ प्रतिशत किसान र खेतीयोग्य जमिन छन्। त्यसैले पहिलो प्राथमिकता कृषि क्षेत्रको विकासलाई दिएका छौँ। यस्तो कार्यले किसानलाई प्रत्यक्ष लाभ पुगेको छ।" यस लगायत गरिबी उत्थान, स्वास्थ्य, शिक्षा, बाटो, खानेपानी र भौतिक पूर्वाधार निर्माणलगायत विकासको कामलाई सँगसँगै बढाइएको उहाँले बताउनुभयो।

वडा कार्यालयले विद्युत् महसुल तिरिदिने भएपछि स्थानीय किसान तथा मुसहर समुदाय खुसी देखिएका छन्। स्थानीयबासी परिक्षण सदाले यसबाट किसान र विपन्नलाई धेरै राहत पुग्ने बताए। उनले भने, विद्युत् महसुल तिर्न नसकेर यहाँका धेरै किसान तथा मुसहर घरपरिवार बिजुली काटिने समस्या भोग्दै आएका थिए। अब विद्युत् महसुल वडाले तिरिदिने भए पछि ढुक्कले विद्युत् प्रयोग गर्न पाउँछन्।




# सिकलसेलको औषधि ल्याएर वितरण गर्ने प्रधानमन्त्री ओलीको घोषणा



सुनसरी, २६ कार्तिक। प्रधानमन्त्री केपी शर्मा ओलीले छिमेकी देश भारतमा उत्पादन र परीक्षण भएको सिकलसेलको औषधि ल्याएर नेपालका बिरामीलाई वितरण गर्ने बताएको छ। नेपालमा थारू समुदायमा यो रोग बढी देखिने गरेको छ। बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको १३औं दीक्षान्त समारोहमा प्रधानमन्त्री ओलीले इमानदार र लगनशील भएर काम गरेमा सफलता प्राप्त हुने भएकाले उत्पादित नयाँ चिकित्सकहरूलाई सिकलसेलको औषधि वितरण गर्न तयार हुनुपर्ने बताए।

नेपालको यही धर्तीबाट ऋषि चरकले स्वास्थ्य विज्ञानको थालनी गरेको सन्दर्भ उल्लेख गर्दै उहाँले सकभर निरोगी हुने र बिरामी भए सुलभ रूपमा उपचार पद्धतिका लागि सरकारले ध्यान दिएको बताए। प्रधानमन्त्री ओलीले नेपालका स्वास्थ्य संस्थामा चिकित्सक विद्यार्थीको कोटा थप्न, यस क्षेत्रलाई प्रभावकारी र सुशासनयुक्त बनाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो। समारोहमा स्नातक तहका ६ सय ५७ विद्यार्थी दीक्षित भएका छन्।

## कारको ठक्करबाट...

बाग्मती बीएसी ५६०३ नम्बरको कारले ठक्कर दिएको थियो।

उनी धान कुट्ने मेसिनका मिस्त्री हुन्। कारको ठक्करबाट गिरीको टाउको र दाहिने खुट्टामा गम्भीर चोट लागेको थियो। तत्काल चन्द्रपुर अस्पतालमा उपचारका लागि लगिएपनि राति नै उनको मृत्यु भएको प्रहरीले जनाएको छ। घटनापछि चितवनको भरतपुर महानगरपालिका–२ घर भएका कार चालक तन्नु बन्सललाई नियन्त्रणमा लिई सवारी ज्यान सम्बन्धी मुद्दा चलाइएको प्रहरीले जनाएको छ।

## ठेलामा सातु ...

भएको बेलामा सातुको आम्दानीले आफ्नो उपचार गराउनका लागि समेत सफल भएको उनले बताए।

एक लाखदेखि दुई लाख रुपैयाँ खर्च गरेर विदेशमा गएर ४० हजारदेखि ५० हजार रुपैयाँ आम्दानी गर्दै आएकोमा आफूले त्यही बराबरको लगानीमा घरमै बसेर राम्रो आम्दानी गर्दै आएको र दैनिक रूपमा सयौं साथीभाइसँग भेट समेत गर्दै आएको उनले बताए। उनले भने, 'स्वदेशमै काम गरे वैदेशिक रोजगारीका लागि अर्काको देशमा पसिना बगाउनुपर्दैन।'


## डेंगी रोग बाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाउनु हुन अनुरोध गरिन्छः–

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- सांझ र विहान करेशाबारीमा जादा, घर बाहिर टहलिंदा, वा पार्कमा जाँदा / बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

**सखुवानन्कारकट्टी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सखुवानन्कारकट्टी, सिरहा**
मधेश प्रदेश, नेपाल

## साईबर अपराधबाट बचौं

**ईन्टरनेट प्रयोग गर्दाः**

- बलियो पासवर्ड राखौं र पासवर्डलाई समय-समयमा परिवर्तन गरौं,
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं,
- सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं यस्ता कल पटक-पटक आए ब्लक गरौं
- आफ्ना ब्यक्तिगत विवरणहरू ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्ममिति आदि कसैलाई शेयर नगरौं, सुरक्षित राखौं,
- अनावश्यक सफ्टवेयरहरू ईन्स्टल नगरौं, गरेको भए हटाऔं,
- सामाजिक सञ्जाल, ईमेल वा अन्य कुनै वेव एप्लिकेसन प्रयोग गरिसकेपछि साइन आउट गरौं,
- डिजिटल डिभाईसहरू मर्मत गर्न दिदा सम्पूर्ण विवरणहरू हटाएर मात्र दिऔं,
- सामाजिक सञ्जालमा अनावश्यक फोटो तथा ब्यक्तिगत विवरणहरू नराखौं,

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)